अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं

मिति: २०७६।०१।२६ गते

प्रेस विज्ञप्ति

विषय: घुस रकम सहित नियन्त्रणमा लिइएको ।

चौफा सव डिभिजन वन कार्यालय, चौरजहारी, रूकुम पश्चिममा कार्यरत फरेष्टर महेन्द्र वि.सि.ले कटान आदेशको काममा सहजिकरण गर्ने प्रयोजनको लागि सेवाग्राहीसँग घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेतबाट खटिइ गएको टोलीले निज फरेष्टर महेन्द्र वि.सि.लाई सेवाग्राहीबाट रू.७,०००। -(सात हजार) घुस बापतको रकम लिइसकेको अवस्थामा मुसीकोट नगरपालिका -१ रूकुम पश्चिम स्थित कालिका मन्दिर नजिकको विमला खाजा घरबाट नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ ।

(मदन कोइराला)
सहायक प्रवक्ता